# तीन घुम्ती उपन्यासको विश्लेषण

❋ माधव खतिवडा

khatiwada67@gmail.com

**अध्ययनसार**

*'तीन घुम्ती' उपन्यास (२०२५) मनोविश्लेषणात्मक अस्तित्ववादी चिन्तन निरूपण गरिएको लेखमा सर्वप्रथम उपन्यासकार र उपन्यासको सामान्य परिचय दिइएको छ। विषयवस्तु प्रस्ट्याउन अलग अलग शीर्षक राखी विषय परिचयमा विषयवस्तु खुलाउन 'तीन घुम्ती' उपन्यासको कथावस्तुलाई सामान्य चिनारीका रूपमा प्रस्तुत गरिएको छ। मनोविज्ञानको सामान्य परियच दिई त्यसको उपकारणको चर्चा गर्दै विषयवस्तु पात्र वा चरित्रचित्रण भाषाशैली, उद्देश्य परिवेश, शीर्षक आदिको सटीक चर्चा गरिएको छ। प्राज्ञिक समस्याका रूपमा 'तीन घुम्ती' उपन्यासमा कस्तो मनोविज्ञानको प्रयोग गरिएको छ भन्ने समस्या राखी 'तीन घुम्ती' प्रयुक्त मनोविश्लेषणको निरूपण गर्ने उद्देश्य किटान गरिएको छ। सामग्री सङ्कलन तथा विश्लेषणका क्रममा पुस्तकका लयीय अध्ययनको उपयोग गरी विश्लेषण गरिएको छ। सैद्धान्तिक पर्याधारका रूपमा पाश्चात्य वाङ्मयको मनोविज्ञान एम् अस्तित्ववादी सिद्धान्तको प्रयोग गरिएको छ। यसअघि भए गरिएका पूर्वकार्यको सामान्य चर्चा गरी विश्लेषणतर्फ अघि बढिएको छ। 'तीन घुम्ती' उपन्यासको परिचय, उपन्यासमा प्रयुक्त नारी मनोविश्लेषण अध्ययन गरिएको छ। 'तीन घुम्ती' उपन्यास अस्तित्ववादी मनोविश्लेषणात्मक उपन्यास हो भन्ने निष्कर्षमा पुगिएको छ।*

**प्रमुख शब्दावली** : मनोविज्ञान, अज्ञानतावश, निर्णय, चञ्चलता, आग्रह।

**विषयपरिचय**

'तीन घुम्ती' (२०२५) विश्वेश्वरप्रसाद कोइरालाद्वारा लेखिएको पहिलो उपन्यास हो । यस उपन्यासमा उपन्यासकार कोइरालाले इन्द्रमायाले ज्ञान अज्ञानमा लिएका तीनवटा अस्तित्ववादी निर्णयलाई विश्लेषण गरिएको छ। यस उपन्यासमा काठमाण्डुकी सम्पन्न नेवार परिवारकी इन्द्रमाया र पहाडको पीताम्बरका बिच भएको अन्तर्जातीय प्रेम विवाह असफल भएको प्रसङ्ग निकै घतलाग्दो देखिन्छ। इन्द्रमायाले विवाहको चर्चा गर्दा आफू पीताम्बरबाहेक अरूसँग खुसी नहुने अभिव्यक्ति दिई बाबुआमाले संस्कार र राजनीतिको दिवार खडा गर्दा १६ वर्षको अपरिपक्व उमेरमा लिएको पहिलो निर्णय वा घुम्ती, पीताम्बर जेल पर्दा रमेशसित शरीर सुम्पिदा २५ वर्षमा लिएको दोस्रो निर्णय वा घुम्ती र छोरीका सबालमा २७ वर्षको उमेरमा पीताम्बरलाई अन्तरदिलमा राख्दै गरेको तेस्रो निर्णय वा घुम्तीलाई कलात्मक पाराले विश्लेषण गरिएको छ। विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू मनोविज्ञानका विभिन्न तथ्यहरूका प्रयोगभूमि हुन् । फ्रायडेली मनोविज्ञानबाट बढी प्रभावित कोइरालाका उपन्यासमा अचेतनको महत्त्वलाई दर्शाइएको हुन्छ र कुण्ठाबाट प्राप्त हुने विकृतितर्फ सङ्केत गरिएको हुन्छ। पात्रका मनको वासनाको तहलाई उत्काएर उनले उपन्यासतर्फ

❋ **लेखक भाषासाहित्यका अनुसन्धाता तथा अन्वेषक हुन्।**

यौनका जटिल समस्यालाई प्रस्तुत गरेका छन् । तीन घुम्तीको नायिका इन्द्रमायाका सोचाइले गर्दा उनको प्रेमी रमेशबाट यौन तृप्ति प्राप्त गर्ने तर पनि पीताम्बरलाई वरण गरिराख्ने अनौठो स्थिति उत्पन्न भएको छ (पौड्याल २०७३, पृ. १५०) । अत्यन्तै झिनो कथावस्तुमा संरचित 'तीन घुम्ती' उपन्यासमा एउटी नारी इन्द्रमायाका जीवनमा भएका र घटेका घटनाहरूको आद्योपान्त अतीतको जीवनवृत्तान्त हो । संस्मरणात्मक शैलीमा लेखिएको यस उपन्यासमा जीवनलाई यात्राको रूप दिएर नारी जीवनलाई गहिरो । अन्तर्द्वन्द्वयुक्त सागरसँग तुलना गरिएको छ । वास्तवमा मानव जीवनको यात्रा खोलामा बगिरहेको पानी जस्तो आफ्नै गन्तव्यमा सदा-सर्वदा अगाडि बढिरहन्छ, आफूले भोगेको अतीत कहिले पनि फर्केर आउँदैन र मानसपटलमा मात्र स्मृतिको अमर रेखा अङ्कित हुन जान्छ (ढकाल,२०६०,पृ. १३०) । उपन्यास कोइरालाको उपन्यास असामान्य मनोविज्ञानबाट अघि बढेर यात्रको सामाजिक, नैतिक, यौन, वितृष्णा बोकेर अघि बढेको पाइन्छ । अस्तित्ववादी दर्शनको घरतालमा यौन र यौनको धरातलमा अस्तित्ववादी दर्शन प्रबल रूपमा रहेको देखिन्छ । चिन्तनात्मकता, वैचारिकताको केन्द्र बिन्दुमा असामान्यता प्रकृतिवाद, यौनवाद, जीवतात्त्विकता, संस्कारमा द्वन्द्वात्मकता जस्ता पक्ष पाइन्छन् । जीवनलाई यौनको बदला दर्शनबाट हेरिएको पाइन्छ (कोइराला, २०७०,पृ. ६२) । 'तीन घुम्ती' मा नारी जीवनका अस्मिताका तीन निर्णयात्मक घुम्तीहरूको साहसिक आख्यानीकरण छ । यो मूलतः मनोविज्ञान र अस्तित्ववादमा आधारित छ । फ्रायडको यौनवादी मनोविज्ञान, सार्त्रको अस्तित्ववादी दर्शनको सम्मिश्रणमा यसमा व्यक्तिवादी धारण, रहेको छ । नारीको परिपूर्ण व्यक्तित्व मूलतः नारीत्व र त्यसपछि मातृत्वमा रहेको र नारीले समाजभन्दा प्रेमी र पति वा सतीत्व भन्दा प्रेमी र मातृत्वका निम्ति संलग्न रहनुमा अधैल्याइँ नमानी परिणाम ले भए पनि व्यक्ति आफ्नो निर्णय लिन स्वतन्त्र भएको कुरा उल्लेख गरिएको छ (कोइराला, २०७०,पृ. ६३/६४) ।

कोइरालाले आफ्ना उपन्यासहरूमा प्रेमसम्बन्धी धारणाहरूको व्याख्यामा गर्ने क्रममा आत्मिक प्रेमको महत्त्व प्रस्टाएका छन् । प्रेमको स्वरूप आत्मका बीच जोडिने जोडाइबाट स्पष्ट हुने भएकाले शारीरिक भोग वा सतीत्वको त्यसमा पनि व्यति महत्त्व हुँदैन भन्ने उनको विचार रहेको पाइन्छ । तीन घुम्तीकी इन्द्रमाया आफूले पीताम्बरलाई आत्मिक प्रेम गरेकाले रेमशसँग शारीरिक सम्पर्क राखेर छोरी जन्माए पनि कुनै फरक नपर्ने धारण व्यक्त गर्छे (पौड्याल, २०७३,पृ १५४) ।

माथिको पूर्वकार्यको समीक्षा गर्दा विश्वेश्वरप्रसाद कोइराला मूलतः फ्रायडवादी चिन्तनमा आधारित यौन मनोविश्लेषण र अंशत : सार्ववादी अस्तित्ववादी चिन्तनलाई अख्तियार गरी 'तीन घुम्ती' उपन्यासको रचना गरेको पाइन्छ । नेपाली साहित्यमा विश्वेश्वरप्रसाद कोइरालाको विशिष्ट स्थान छ । प्रस्तुत लेखमा 'तीन घुम्ती' उपन्यासमा प्रयुक्त मनोविश्लेषण तथा अस्तित्विक पक्षको उपयोग गरिएको छ । यसमा अध्ययनमा विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित 'तीन घुम्ती' उपन्यासमा प्रयुक्त नारी मनका भावनात्मक धारणा र त्यसले पारेको प्रभाव तथा तिनको परिचय, कथावस्तु पात्र वा चरित्रचित, भाषाशैली उद्देश्य आदिको विधातात्त्विक विश्लेषण गरिएको छ । त्यसक्रममा गुणात्मक तथा परिमाणात्मक दुवै प्रकृतिको ढाँचा, एवम् आगमन, निगमन विधिको प्रयोग गरिएको छ । 'तीन घुम्ती' उपन्यासको विश्लेषणका क्रममा समबद्ध विषयका पुस्तकबाट तथा ग्रहण गरी अध्ययनबाट प्राप्त निष्कर्ष प्रस्तुत गरिएको छ ।

### सैद्धान्तिक पर्याधार

प्रस्तुत लेखमा पाश्चात्य फ्रायडवादी चिन्तनलाई उपयोगको विषयलाई आधार मानी विश्वेश्वरप्रसाद कोइरालाको 'तीन घुम्ती' उपन्यासलाई छनोट गरी त्यसमा प्रयुक्त मनोविश्लेषणको पहिचान गरी चिनको परिचय, प्रयोग प्रक्रिया सम्बन्धी वर्णन र विश्लेषण गरिएको छ । यी विविध विषयलाई समेटी पात्रको आस्तित्त्विक पक्षसम्मको टुङ्गोमा पुगिएको छ।

### तीन घुम्ती उपन्यासको विधातात्त्विक विश्लेषण

#### कथावस्तु

विश्वेश्वरप्रसाद कोइरालाको तीन घुम्ती उपन्यास २०२५ सालमा प्रकाशित भएको नारी मनोविज्ञानमा केन्द्रित अस्तित्ववादी उपन्यास हो। यो उपन्यासले मानव जीवनका विविध पाटाहरूमा देखापर्ने मूलभूत समस्याहरूमध्ये नारीभित्रको मनोवैज्ञानिक पक्षलाई केम्रा-केम्रा गरेर केलाएको छ। मानिसले अज्ञानतावश विविध निर्णय लिन्छ, त्यसैले उसको भविष्यको परिणति पनि उसले अज्ञानतावश लिएको निर्णयले नै निर्धारण गरिदिन्छ। मानिसका प्रत्येक निर्णयले बाँच्नुलाई खण्डित गर्दै जान्छ। जीवनका यस्तै खण्डविशेषलाई बाँच्नुको सार्थकता मानिन्छ। समग्रमा जीवनको पूर्णताको अनुभूति कसैले पनि गर्न सक्दैन। जीवनका यी र यस्तै विसङ्गतिबोधबाट तीन घुम्ती उपन्यासको रचना भएको छ। यो उपन्यास इन्द्रमायाले आफ्नो जीवनलाई पछाडि फर्केर हेरेको अर्थात पूर्वदीप्ति प्रक्रियामा आधारित छ। इन्द्रमायाले जीवनमा लिएका तीनवटा निर्णय नै यस उपन्यासको मूलकथ्य हो।

यस उपन्यासकी प्रमुख पात्र इन्द्रमायाले ४५ वर्षे उमेरमा आफूले लिएका तीनवटा महत्त्वपूर्ण निर्णयका बारेमा गरेको आत्मविश्लेषणमा तीन घुम्ती उपन्यासको संरचना भएको छ। बुढ्यौलीको पोयोले छोएपछि स्वास्नीमान्छेले जीवनमा अर्को बाटो रोज्दैनन्। यस्तो अवस्थामा उनीहरू जीवनको भारी बिसाएर विश्राम गर्न चाहन्छन्। उनीहरूमा कुनै प्रकारको चञ्चलता पनि बाँकी रहँदैन। अनुहारमा बुढ्यौलीका रेखाहरू कोरिन थाल्छन्। नारी हृदयका प्रेम र त्यसबाट पाएको वरदान वा अभिशापको रूपमा पाएको अलौकिक सुख वा नारकीय अनुपातले स्मृति छोडेर जान्छ। अन्य यात्रामा जस्तै जीवनको यात्रा पनि दुईतर्फी भएको भए प्रौढा यात्री आफू आएकै बाटो फर्किने थिई। जीवन एकोहोरो यात्रा हो। त्यसबाट पछि फर्किने कुनै उपाय छैन। त्यसैले ४५ वर्षमा पुगेपछि इन्द्रमायालाई आफ्नो यात्रा टुङ्गिएको आभास भइरहेको थियो। आफ्नो जीवनको लामो यात्रालाई सम्झँदा उसलाई तिखो अनुभव भयो। ऊ आफ्नो जीवनलाई असाधारण पनि भन्दिन। अरू नारीसरह उसको पनि साधारण जीवन थियो। ऊ पनि एउटी साधारण नारी नै थिई। ऊ अहिले जीवनको तेस्रो प्रहरमा पुगेर घरकाजमा निवृत्त भएकी छे। ऊ ओछ्यानमा पल्टिएर अनेक कुरा खेलाइरहेकी छे। उसले आफूले जीवनमा लिएका तीनवटा निर्णयलाई बारम्बार सम्झिरहन्छे। उसले किशोर कालमा अन्जानमै सहपाठी पीताम्बरलाई प्रेम गर्छे। पीताम्बर उसको घरमा आएको बखत उसलाई चिया बनाउन पाउँदा ऊ खुसीले आनन्दविभोर हुन्छे। यी दुवैमा स्वाभाविक ढङ्गले प्रेमको विकास हुँदै गएको थियो। इन्द्रमायालाई पीताम्बर विशिष्ट व्यक्ति लाग्थ्यो। विवाहको कुरा चल्दा उसले पीताम्बरलाई रोजी र

अरूसित आफू सुखी हुन नसक्ने कुरा पनि बताई। आमाले जाति, समाज, धन-दौलत र राजनीतिको बाधा देखाउँदा उसलाई अप्रासङ्गिक लागेर आयो। पीताम्बरको प्रेममा डुबेकी हुनाले उसले समाजका नियमलाई बाधाको रूपमा लिई। उसका मानसमा भयङ्कर हुन्डरी मच्चिएको थियो। प्रेमका सम्बन्धमा ऊ नितान्त एक्ली थिई। उसले अन्त्यमा प्रेमको पक्षलाई रोजेकी थिई। यो रोजाई उसको १६ वर्षे अपरिपक्व उमेरको परिणति थियो। उसका लागि यो निर्णय अविस्मरणीय बनेको छ। त्यसैले ग्रीष्मको साँझपख घरबाट सुटुक्क बाहिर निस्किएर टुँडिखेल हुँदै ऊ डिल्लीबजारतिर लागेकी थिई। मनमा दृढ सङ्कल्प लिएर अगाडि बढेकी इन्द्रमायालाई सडकको वातावरण अस्पष्ट लागेको थियो। त्यसैले उसका चिनजानको साथी सङ्गाती, आमा, बाबु सबै अस्पष्ट हुँदै दृष्टिपथबाट धूमिल भएर बिलाउँदै थिए। ऊ बिस्तारै कालीथाननेर सानो पर्खालको बिचमा बनेको फाटकको बन्द ढोका खोलेर भित्र पसी, त्यतिखेर पीताम्बर बारीमा उभिइरहेको थियो। इन्द्रमायाको चाल देखेर ऊ स्तब्ध भयो। उसले इन्द्रमायालाई सहारा दियो। इन्द्रमायाले आफ्नो क्लान्त शिर पीताम्बरको छातीमा अडाई। साँझपख दुवै घरभित्र प्रवेश गरे। इन्द्रमायाले यसरी स्वयंवर गरी। भोलिपल्टदेखि ऊ पूर्णरूपले गृहस्थी बनी। त्यसपछि पीताम्बरको साथ पाएर उसको जीवन रमाइलोसित बित्न थाल्यो। माइतीहरूले पनि उसलाई चटक्क बिर्सिदिए। साथीहरू पनि आउन पाएनन्। पीताम्बर कहाँ राजनैतिक साथीहरूको भेला हुन्थ्यो। त्यसैले ऊ पनि निःशङ्कोच छलफलमा भाग लिन्थी। उसलाई आतङ्कवाद र हत्याको राजनीतिमा विश्वास थिएन। ऊ प्रायः घरगृहस्थीमा नै व्यस्त हुन्थी। उसका आग्रहमा रमेशलगायत अन्य साथीहरू पनि कहिलेकाहीं त्यहीं रात बिताउँथे। ऊ पतिका प्रति बढी उत्तरादायी थिई। प्रेमको भावनालाई केलाएर हेर्दा ऊ पुरुषलाईभन्दा नारीलाई प्रेमको बढ्ता खाँचो हुने निष्कर्ष निकाल्थी। प्रेममा नारीले नै पहिलो पाइलो चाल्नुपर्छ भन्ने सोच्दथी। पीताम्बर पनि घरपरिवार त्यागेर बसेको एक किसिमले टुहुरोजस्तै थियो। त्यसैले ऊ पीताम्बरको समाजमा पूर्ण रूपले स्वीकृत भएकी थिई। उसको पनि पीताम्बरका साथीहरूलाई सामाजिक साइनो दिँदै आफ्नो पारेकी थिई। केवल रमेशका सम्बन्धमा उसको अस्पष्ट भावना थियो। पतिको सर्वाधिक प्रिय साथी भएकाले उसलाई देवर भनेर बोलाउँथी तर त्यो सम्बन्ध उसका हृदयमा त्यति जँचेको थिएन। रमेशको पनि इन्द्रमायाप्रति विशेष अनुराग थियो। पीताम्बरको भित्री हृदयमा बिस्तारै ईर्ष्याको भावना विकसित हुँदै थियो। इन्द्रमायाले छलफलमा भाग लिएको उसलाई मन परेको थिएन। रमेशले पनि मौका पर्नासाथ पीताम्बरका बारेमा इन्द्रमायाका कान फुक्ने गर्दथ्यो। इन्द्रमायाले पीताम्बरको उक्त कार्यप्रति ईर्ष्या नगरी पतिका प्रति आत्मसमर्पणको भावना राखेकी थिई। उसले बिस्तारै पीताम्बर ईर्ष्याको भावनाले पीडित भएको अनुभव गर्न थालेकी थिई। त्यसैले इन्द्रमायाले पुरुष र नारीका भिन्न रूप देखेकी थिई। पुरुष स्वभावैले शासक भएकाले उसले आफ्नो सम्मान, प्रतिष्ठा र पुरुषत्व सुरक्षित राखेको छ। तर नारी जातिमा समर्पणको भाव हुन्छ। उसको मनमा रमेशले आफ्नो स्थान खोज्यो। उसले प्रेम अपूर्ण भएको महसुस गरिरहेकी थिई। उक्त समयमा राजनीति कार्यमा व्यस्त भएकाले पीताम्बर प्रायः बाहिरै हुन्थ्यो, घरमा आउँदा पनि हडबडी नै गर्थ्यो। इन्द्रमायाको जीवनमा शून्यता छाइरहेको थियो। उसले आफूलाई खण्डित भएको ठानी, घरले बालकको तोतेबोली मागिरहेको थियो । यसरी इन्द्रमाया पश्चात्तापमै पिरोलिएको बेला अचानक ढोका खोलेर पीताम्बर घरभित्र पस्यो। खाईपिई गरेर इन्द्रमायाको आग्रहलाई

वास्ता नगरी ऊ आफू बढी थाकेको छु भन्दै सुत्यो, इन्द्रमायाले रोएरै त्यो रात काटी, भोलिपल्ट बिहान नहुँदै पीताम्बर गिरफ्तारीमा पऱ्यो। उसका साथीहरू पनि सबै थुनिए। त्यतिखेर इन्द्रमायाले माइतीलाई सम्झिई, पीताम्बरको खोजतलासका लागि विभिन्न ठाउँमा दौडधुप गरी, ऊ बिलखमन्दमा परेकै बेला रमेश आइपुग्यो। रमेशको आगमनपश्चात् उसको जीवनले नयाँ गति लियो। पिताम्बरका लागि खाना बनाइदिनु, रमेशसँग बाहिर घुमफिर गर्नु, उसका दिनचर्या हुन थाले। रमेशले इन्द्रमायाका क्रियाकलापमा एउटा पर्दा लागेको देख्यो । उसको अनौठो व्यवहार हुन्थ्यो। पीताम्बरप्रति ईर्ष्याको भाव राख्थ्यो। हृदयले चाहँदा चाहँदै शरीरको छेकोबार लगाउन मनासिब नदेखेर आखिर इन्द्रमाया रमेशका सामुन्ने समर्पित भई। शरीर दान दिनु उसको दोस्रो निर्णय थियो। भोलिपल्ट शरीर र मनले आनन्दको स्वाद पाए पनि मनमा एउटा विषाद् देखापऱ्यो। त्यसैले ऊ पशुपति जान थाली सदाझैं बिहान उठ्दा एक दिन सुखको थकाइले शरीरले आलस्य मानिरहेको थियो। देह पुलकित भए पनि पेट हुँडलिएर मुखबाट हुल्ल अमिलो पानी आयो। रमेश पनि उसलाई चरम सुख दिन पाएकोमा खुसी नै थियो। पीताम्बर छुट्ने हल्ला चल्दै थियो। इन्द्रमायाले लेडी डाक्टरसँग जचाउदा पेटमा दुई महिनाको बच्चा भएको पुष्टि भयो। उसले गर्भाधारण गरेदेखि नै रमेशको आचरणमा परिवर्तन देखिन थाल्यो। इन्द्रमायाको रेखदेख गर्न पसलेकी नातिनीलाई खटाएको हुन्थ्यो। इन्द्रमायालाई बेहोश अवस्थामा अस्पताल भर्ना गरिदियो। उसको खर्चबर्च तिरिदियो। होशमा आउँदा इन्द्रमायाले दुःखापछिको सुखको अनुभव गरी। पसले बूढीकी नातिनीले पीताम्बर घर आएको जनकारी दिई। त्यसै दिनको मध्याह्नतिर पीताम्बर अस्पताल गयो। ढोकाको छेउमा उभियो। इन्द्रमाया ग्लानी र लज्जाले जड्वत् बनेकी थिई। घर आएपछि इन्द्रमाया र पीताम्बरका बिच भनाभन र कटाक्ष आरम्भ भयो।कर्तव्याकर्तव्यका बिच घोचपेच हुन्थ्यो। छोरीको प्रति पीताम्बरको व्यवहार रुखो हुन्थ्यो। पीताम्बरले छोरीलाई रमेशकहाँ जिम्मा लगाउन भन्यो। बिस्तारै उनीहरूका बिच वार्तालाप बन्द हुँदै गयो। अन्त्यमा इन्द्रमायाले पीताम्बरलाई छाडेर हिँड्ने तेस्रो निर्णय गरी।

**पात्र वा चरित्रचित्रण**

तीन घुम्ती उपन्यासमा औपन्यासिक कार्य गर्ने र घटनालाई जीवन्त रूपमा प्रस्तुत गर्ने विभिन्न पात्रहरूको सक्रिय भूमिका रहेको छ। यस उपन्यासमा इन्द्रमाया, पीताम्बर, रमेश, इन्द्रमायाकी छोरी, उसका बाबुआमा, साथीहरू, पीताम्बरका साथीहरू, छोरीका साथीहरू, मिलिटरीका सिपाहीहरू, नर्स, पसल्नी बुढी, छिमेकीहरू आदि विविधखाले पात्रहरूको आ-आफ्नै प्रकारको भूमिका रहेको छ। यीमध्ये इन्द्रमाया, पीताम्बर र रमेशको चरित्राङ्कन तल प्रस्तुत गरिन्छ।

**इन्द्रमाया**

इन्द्रमाया यस उपन्यासकी केन्द्रीय चरित्र हो। काठमाण्डुको दरबारिया सम्भ्रान्त नेवार परिवारमा जन्मिएकी इन्द्रमाया बाबुआमा र आफ्नो सामाजिक परिपाटीलाई लत्ताएर पर्वते कङ्गाल बाहुनसँग पोइल जान्छे। ऊ सामाजिक दृष्टिबाट पतित, बाइफाले र लोग्ने थुनिएपछि लोग्नेको साथीसँगको लसपसबाट छोरी जन्माएर पूर्व लोग्नेको सत्‌मा बसेको स्वाङ गर्ने पथभ्रष्ट आइमाई हो। इन्द्रमाया अभिसारिका हो । इन्द्रमायाले बाबु

आमाको इज्जत पनि राखिन, लोग्नेको सत्मा पनि बसिन र आजीवन सुखी पनि रहिन। ऊ आफू पनि बरबाद भई, लोग्ने र समाजलाई बरबाद पारी, ऊ एउटी कलङ्कित नारी हो। यस्ता नारीको नक्कल गर्दा सामाजिक संरचना भत्किन्छ, पथ खज्मजिन्छ र दुराचारमा वृद्धि हुन्छ। यी कुराहरू परम्परागत ढङ्गले सोच्दा पाइने उत्तरहरू हुन्। तर एक जना व्यक्तिले आफ्नो स्वत्व एवम् अस्तित्व जोगाउनका लागि जीवनमा के कस्ता निर्णय लिन्छ र कसरी स्वतन्त्रतापूर्वक बाँच्न चाहन्छ भनेर अस्तित्ववादी दृष्टिले हेर्ने हो भने इन्द्रमायाले दिएका तीनवटा निर्णयको बेग्लै प्रकारको मूल्य र महत्ता देखिन्छ। यस लेखमा मनोवैज्ञानिक, जीवतात्त्विक दृष्टिले हेर्ने हो भने इन्द्रमायाले पीताम्बरलाई अज्ञानतावश प्रेम गर्न थालेकी थिई। पीताम्बर उसको घरमा आउँदा उसलाई चिया बनाएर दिन पाउँदा इन्द्रमाया असाध्यै रमाउँथी। पीताम्बरसँग सिनेमा हेर्न जाँदा, घुमफिर गर्न पाउँदा उसलाई खुसीको सीमा हुँदैनथ्यो। जब उसको विवाहको कुरा चल्यो तब उनले अनायासै पीताम्बर छँदै छ नि भनेर व्यक्त रूपमा पीताम्बरप्रतिको प्रेम प्रकट गरेकी थिई। आमाले समाजको छेको लगाएर, परम्पराको बार तेर्स्याएर, धन सम्पत्ति, राजनीति एवम् जातीयताको भाँजो हालेर जतिसुकै अवरोध खडा गरे पनि इन्द्रमायाको नारी हठलाई पराजित गर्न सकिन उसलाई घरबाट बाहिर निस्किनबाट बन्देज लगाइयो। प्रेमका प्रसङ्गमा इन्द्रमाया नितान्त एक्ली भई। उसलाई बाबु, आमा र धनदौलत त्याग्ने कि पीताम्बरलाई त्याग्ने भन्ने द्विविधा पऱ्यो। धन दौलतले मात्र कुनै हालतमा पनि सुखी हुन नसक्ने निष्कर्षसहित समाजका अग्ला-अग्ला पर्खाल नाघ्दै हृदयले रोजेको असीम प्यार प्राप्तिका लागि गर्मी मौसममा इन्द्रमाया घरबाट बाहिर निस्किएर सरासर डिल्ली बजारको उकालो लागी। पीताम्बरलाई भेट्ने दृढ सङ्कल्प लिएर हिँडेकी इन्द्रमायालाई बाटामा देखिएका सम्पूर्ण वातावरण नै अस्पष्ट लाग्यो र बाबु आमा, साथी सङ्गाती सबै धूमिल बन्दै गए। यो उसको १६ वर्षे अपरिपक्क उमेरमा गरेको पहिलो निर्णय थियो। ऊ सरासर कालीथाननेरको फाटकमा भएको बन्द ढोका खोलेर पीताम्बर समक्ष आफूलाई पूर्ण रूपमा समर्पण गरी र थकित शिर पीताम्बरका छातीमा अडाई। यसरी उसले पीताम्बरलाई रोज्ने पहिलो निर्णय गरेकी थिई। स्वयम् पीताम्बरलाई ग्रहण गरेपछि इन्द्रमायाको केही दिन सुखद ढङ्गले बितेको पाइन्छ। राजनीतिमा चासो लिने भएकाले इन्द्रमाया पीताम्बरबा राजनैतिक साथीहरूसँग घुलमिल हुन्थी। सामाजिक मर्यादाअनुसार सबैसँग नाता-सम्बन्ध कायम गरी तर रमेशका प्रति उसको बेग्लै सम्बन्ध भयो। लोग्नेको सर्वप्रिय साथी भएकाले देवरको नाता उसलाई त्यति जँचेन। रमेशको उपस्थितिले इन्द्रमायालाई बेग्लै आनन्द लाग्दथ्यो र रमेश पनि इन्द्रमायाप्रति विशेष अनुराग राख्दथ्यो। पुरुष समाजमा इन्द्रमायाको उपस्थितिप्रति पीताम्बर भित्रभित्रै ईर्ष्याको भाव राख्दथ्यो। त्यसैले पीताम्बर पीडित देखिन्थ्यो। उसले इन्द्रमायालाई घोचपेच गर्ने काम गर्न थाल्यो। इन्द्रमाया पनि पीताम्बरलाई बेलामौकामा चिमोट्ने काम गर्दथी। रमेशले पीताम्बरका भए नभएका कुरा लगाएर इन्द्रमायाको कान भर्ने गर्दथ्यो। इन्द्रमाया पतिका लागि बढी समर्पित हुन्थी। उसले पुरुषहरूलाई दुई भिन्न रूप देख्न थालेकी थिई। यस अवस्थामा उसको नारी रूप बढी सक्रिय हुन थालेको थियो। पीताम्बर बाहिर जाँदा उसले आफूलाई नितान्त एक्ली र अपूर्ण महसुस गर्न थाली। उसको नारीत्वको पूर्णता अहिलेसम्म भएको थिएन। पीताम्बरले म धेरै थाकेको छु भनेपछि उसको हृदय व्याकुल बनेको थियो। पीताम्बर जेल परेपछि उसको सहारा बनेर रमेश आउँदा उसलाई द्यौता मान्न पुगेकी थिई।

उही देवताको आग्रहमा उसले नारीत्वको परिपूर्णताका लागि बाध्यतावश आफ्नो शरीर सुम्पने जुन निर्णय गरी त्यो निर्णय उसको इच्छाले नभई बाध्यतावश गरिएको दोस्रो निर्णय थियो। यस अवस्थामा उसको मातृ अस्मिताले विजय प्राप्त गरेको पाइन्छ। रमेशको सहवासबाट उसकी नारीले पूर्णाकृति पाएकी छे। ऊ आमा बनेर पुलकित भई। उसको यो खुशी एकैछिनमा चकनाचुर भयो। घर गएपछि छोरी र अवैध यौनसम्पर्कका विषयलाई लिएर पीताम्बर र इन्द्रमायाका बिच मनमुटाव, भनाभन र अन्त्यमा बोलचाल बन्द भयो। आखिर उसले कि त पीताम्बरलाई त्याग्नु पर्ने कि त छोरीलाई त्याग्नुपर्ने स्थिति आइपऱ्यो। यस्तो द्वन्द्वात्मक अवस्थामा इन्द्रमायाले मुटुभरि पीताम्बरको माया सँगालेर छोरीलाई लिएर सदाका लागि पीताम्बरको घर छोडेर हिंड्ने निर्णय गरी। यो उसको जीवनमा लिएको तेस्रो निर्णय थियो। यतिखेर प्रिया अस्मिता र माता अस्मिताको बीच द्वन्द्व चलेको पाइन्छ। उसले प्रिया अस्मितालाई माता अस्मिताले जितेको पाइन्छ। यसरी इन्द्रमायाले १६ वर्षमा पीताम्बरलाई रोज्दा सिङ्गो समाज छोडी, २५ वर्षको उमेरमा प्रिया नारी र आमा नारीका बिच द्वन्द्व हुँदा रमेशलाई रोजेकी थिई। २७ वर्षको उमेरमा पति र छोरीलाई रोज्नुपर्ने द्वन्द्वात्मक घडीमा उसले छोरीलाई रोजेर पतिगृह त्यागेकी थिई। उसका जीवनमा यी तीन निर्णय उसका अस्तित्वका निर्णय थिए। यस उपन्यासमा इन्द्रमाया साहसिक ढङ्गले निर्णय गर्दै छोरीबाट पत्नी, पत्नीबाट आमा बन्दै आफ्नो अस्तित्व रक्षा गर्ने गतिशील चरित्रका रूपमा गहन भूमिका खेल्न पुगेकी छ। ऊ व्यक्ति चरित्र हो। इन्द्रमायाको भूमिका खेल्ने दोस्रो पात्र प्राप्त गर्न असम्भव प्रायः नै देखिन्छ।

**पीताम्बर**

पीताम्बर यस उपन्यासको प्रमुख पुरुष पात्र हो। यस उपन्यासमा उसको भूमिका संदिग्द्य देखिन्छ। लोग्ने-स्वास्नी रहँदा पनि उसका तर्फबाट कुनै सन्तान उत्पन्न हुँदैन। ऊ पर्वते बाहुन, निर्धन र राजनीतिमा लोगेको सचेत व्यक्तिका रूपमा चित्रित छ। बाल्यकालदेखि नै इन्द्रमायालाई मन पराउने पीताम्बरले भागेर आएकी इन्द्रमायालाई सगौरव ग्रहण गर्दछ। आरम्भमा इन्द्रमायालाई मन पराए पनि बिस्तारै उसले इन्द्रमायालाई शङ्कालु दृष्टिले हेर्न थाल्छ र पुरुषत्वको आधारमा शासन गर्न चाहन्छ। पतित्वले मर्यादाबाट विमुख हुँदै गएको पीताम्बर अन्त्यमा इन्द्रमायालाई त्याग्न पनि सक्दैन र अर्काको गर्भबाट जन्मिएकी छोरीलाई पनि ग्रहण गर्न सक्दैन। त्यसैले यस उपन्यासमा उसको चरित्र ज्यादै संदिग्ध रूपमा विकसित भएको देखिन्छ। ऊ स्थिर चरित्र हो। उपन्यासभरि पीताम्बर एकैनासको देखिन्छ।

**रमेश**

यस उपन्यासमा रमेश अवसरवादी चरित्रका रूपमा देखापरेको छ। घरमा स्वास्नी हुँदाहुँदै पनि इन्द्रमायालाई विवश पारेर उसको सतीत्व लुट्ने र अन्त्यमा आवात जावत् बन्द गर्ने स्त्री लम्पट चरित्रका रूपमा उसको चरित्राङ्कन गरिएको छ। ऊ घुसघुसे-पोलाहा चरित्र हो। उसकै कारण साथीहरू थुनिएका छन्। अन्य पात्रहरूमा पसल्नी बुढीको सहयोगी भावना चर्चायोग्य रहेको छ। उसले इन्द्रमायालाई आपतका घडीमा धैर्यधारण गर्न प्रेरणा दिएकी छ। ऊ मानवतावादी स्वभावकी सहयोगी चरित्र हो। अन्य पात्रको उपन्यासमा खासै महत्त्व देखिंदैन।

**भाषाशैली**

तीन घुम्ती उपन्यास प्रवाहमय भाषामा लेखिएको छ। औपचारिक घटनावलीलाई कुतूहलमय रूपमा प्रस्तुत गर्ने भाषा सक्षम देखिन्छ। अनुकरणात्मक र दृष्टान्तमूलक शब्द, सहज र स्वाभाविक वाक्य गठन यस उपन्यासका विशेषता हुन्। भाषाकै माध्यमबाट विषयको प्रतिपादन, चरित्र र परिवेशलाई स्वाभाविक रूपमा प्रस्तुत गरिएको छ। यदाकदा संस्कृतका कठिन शब्दको प्रयोग गरिए तापनि यस्ता शब्दले औपन्यासिक आस्वादनमा खासै असर पारेको पाइँदैन। कथाकारिताका क्षेत्रमा सिद्धहस्त विश्वेश्वरप्रसाद कोइरालाले यस उपन्यासमा भाषिक परिष्कृति र परिमार्जनतिर विशेष ध्यान पुऱ्याएको देखिन्छ। वस्तुगठन र भावको सङ्घटनमा भाषिक चमत्कृति देखिन्छ। नाटकीय रूपमा घटनावली प्रस्तुत गर्ने शैली निकै आकर्षक देखिन्छ। व्याख्या, विश्लेषण र नाटकीय शैलीमा लेखिएको यस उपन्यासमा प्रथम र तृतीय पुरुष कथनपद्धतिलाई अँगालिएको छ। लेखकीय उद्देश्यलाई प्रस्तुत गर्ने यस उपन्यासको भाषाशैली सबल, सक्षम र स्वाभाविक देखिन्छ। यो उपन्यास इन्द्रमायाले जीवनको उत्तरार्द्धपछि आफूले भोगेका यथावत् घटनालाई संस्मरण गरेको हुनाले पूर्वदीप्ति शैलीमा लेखिएको छ।

**परिवेश**

यो उपन्यास २०१७ सालको शाही कदमपछि सुन्दरी जलको बन्दी गृहमा लेखिएको हो। यो उपन्यासले एकातिर नेपाली सामाजिक रहनसहन, रीतिरिवाज र चालचलनलाई परिवेश बनाएको छ भने अर्कोतिर २०१७ सालपछिको राजनैतिक घटनालाई चित्रण गरेको छ तापनि यो मूलभूत रूपमा इन्द्रमायाको मनोविश्लेषणमा आधारित भएकाले नारी मनका विविधखाले तन्तु केलाउन सक्षम देखिन्छ। यसरी विवेच्य उपन्यासले सामाजिक, आर्थिक, राजनैतिक र मनोवैज्ञानिक घटनालाई अङ्कन गरेको देखिन्छ। औपन्यासिक घटनाको आरम्भ इन्द्रमायाको विवाह गर्ने प्रसङ्गबाट विकसित हुन्छ। इन्द्रमायाले पर्वते बाहुन पीताम्बरसँग स्वतन्त्र रूपमा हेलमेल गर्नुबाट समाजमा स्वतन्त्रता प्राप्तिको आभास पाइन्छ। यहाँ रूढिग्रस्त परम्परागत समाज र आधुनिक पाश्चात्य शिक्षा प्राप्त समाजका बिच प्रत्यक्ष द्वन्द्वको सृजना गरी मानवीय स्वतन्त्रताप्रति लेखकीय अभिमत प्रकट भएको छ। स्वतन्त्र प्रेममा बाधा दिएर छोराछोरीलाई बारबन्देजमा राख्नु तानाशाही प्रवृत्तिको द्योतक हो। इन्द्रमायाले परम्परागत रूढिवादी संस्कारका विरुद्ध विद्रोही गरी स्वतन्त्रतापूर्वक जीवन बिताउन पीताम्बरलाई स्वयंवरण गर्दछे। उसले रोजेको पीताम्बरको समाज पनि रूढिग्रस्त विकारबाट मुक्त हुन सक्दैन। त्यसैले दुई भिन्न संस्कृति र सोचाइ भएका पात्रका बीच मनोमालिन्यको वातावरण सृजना गरी कटुता सृष्टि गरिएको छ। कुनै पनि नारीलाई आमा बन्ने तीव्र आकांक्षा हुन्छ। यही मनोभावले ग्रस्त भएकी इन्द्रमाया साँझको एकान्तिक वातावरणको फाइदा उठाएर घरबाट सुटुक्क पीताम्बरलाई भेट्न पुग्छे। पीताम्बर घरमै भएको उपयुक्त वातावरण सृजना गरी दुई पात्रको मेल गराइएको छ। रमेशप्रतिको अनुराग सृष्टि गरी पीताम्बर थुनिएको अवसरमा इन्द्रमाया र रमेशका बीच समागम गराई छोरी जन्माउनु र उक्त छोरीलाई पीताम्बरबाट अस्वीकार गराई छोरीका खातिर इन्द्रमायाले गृहत्याग गर्नु स्वाभाविक देखिन्छ। यसरी विवेच्य

उपन्यास तीन घुम्तीमा घटित प्रत्येक घटना विश्वसनीय ढङ्गले विकास गरिएको छ तापनि सबै साथीहरू बन्दीगृहमा थुनिनु रमेश चाहिँ तुरुन्त रिहाइ हुनुको औपन्यासिक विश्वास प्राप्त गर्न सक्दैन ।

यो उपन्यासले इन्द्रमायाको कैशोर उमेरको चाञ्चल्य, वयस्क अवस्थाकी नारी र ४५ वर्षकी परिपक्व गृहिणीका बेग्लाबेग्लै घटनालाई उपयुक्त वातावरण प्रदान गरी मनोवैज्ञानिक ढङ्गले विश्लेषण गरेको छ। बाल्यकालदेखि दिल मिलेको जीवनसाथी प्राप्तिका लागि सामाजिक बन्धनलाई बाधाको रूपमा लिनु, पति प्राप्तिपछि पत्नीत्वको सुखभोग गरे पनि मातृत्व कुण्ठित भई पीताम्बर उक्त कार्यमा बाधा बनेको महसुस गरी रमेशसँगको सुखभोग प्राप्त गरी सन्तानवती बन्नु र पुनः समाज नै अवरोधक बनेपछि स्वतन्त्रतापूर्वक जीवन बिताउन छोरीलाई लिएर उक्त समाज त्याग गर्नु प्रत्येक घटनामा तार्किक विश्लेषण गरी स्वाभाविकता सृष्टि गरिएको छ। यसरी यस उपन्यासको परिवेश चित्रणमा स्वाभाविकता र तार्किकताको उपभोग गरिएको पाइन्छ।

**उद्देश्य**

परम्परागत रूढिग्रस्त समाजमा विरुद्ध विद्रोह गरी व्यक्तिलाई स्वतन्त्रतापूर्वक आफ्नो निर्णय गर्न दिएर त्यसैअनुसार जिउन सक्नुपर्छ भन्ने लेखकको मूल उद्देश्य हो । तीन घुम्ती उपन्यासकी प्रमुख पात्र इन्द्रमायाले सामाजिक बन्धन तोड्दै पीताम्बरलाई स्वयं वरण गर्दछे। बाल्यकालमा रोजिएको पीताम्बरबाट शारीरिक सुख प्राप्त गरे पनि मानसिक सन्ताप बाँकी नै रहेकाले उसले रमेशलाई रोज्छे र सन्तानवती हुन्छे। प्रत्येक नारीको भित्री चाहना आमा बन्नु हो। ऊ आमा बन्नका लागि सर्वप्रथम पत्नी बन्छे । पत्नी बनेपछि प्रिया सुख प्राप्त गर्दछे। प्रिया सुखमात्र नारीको चरम उपलब्धि होइन, उसलाई मातृशक्तिले झकझकाउँछ। आमा बन्नु नारीको प्राकृतिक गुण हो आमा बन्न नपाएकी नारीको जीवन अपूर्ण र खण्डित हुन्छ। पतित्व गुमाएको लोग्नेबाट आफू आमा बन्न नसकेकी नारीले अन्य माध्यम लिएर भए पनि आफ्नो पूर्णता प्राप्त गर्दछे। यसरी मनोवैज्ञानिक ढङ्गले नारी अस्तित्वको वकालत गरी यस उपन्यासमा प्रत्येक व्यक्तिलाई आफ्नो जीवनमा निर्णय लिन स्वतन्त्रता प्रदान गरिएको छ। आफूले लिएको निर्णय सपल वा असफल जे भए पनि त्यसको दोषभागी निर्णयकर्ता नै हुन्छ। यस उपन्यासकी इन्द्रमायाले जीवनमा तीनवटा बेग्लाबेग्लै निर्णय लिएकी छे। इच्छापूर्वक होस् वा रमेशद्वारा गरिएको आग्रहलाई टार्न नसकेर नै किन नहोस् शरीर दान दिने निर्णय वा वात्सल्य सुखका लागि पत्नी सुख त्याग्नु पर्दाको निर्णय नै किन नहोस् उसले जीवनमा कहिल्यै पश्चात्ताप गरेकी छैन। यसरी स्वतन्त्रतापूर्वक गरेको निर्णयको जिम्मेवार स्वयं निर्णयकर्ता नै हुने भएकाले कुनै पनि निर्णय तर्कपूर्ण रूपमा गरिनुपर्छ भन्ने सन्देश यस उपन्यासले दिएको छ।

**शीर्षक**

तीन घुम्ती उपन्यासको शीर्षक इन्द्रमायाले जीवनमा लिएका महत्त्वपूर्ण तीनवटा निर्णयमा आधारित छ। यस उपन्यासकी प्रमुख पात्र इन्द्रमायाले बाबु आमा, धन सम्पत्ति, इष्टमित्र साथी सङ्गाती सबैलाई त्यागेर निर्धन पीताम्बरलाई रोज्दाको पहिलो घुम्ती, पीताम्बरलाई रोजेपछि मातृशक्तिबाट वञ्चिता इन्द्रमायाले रमेशलाई

रोज्दाको दोस्रो घुम्ती र रमेशबाट जन्मिएकी छोरीको लालन पालनका लागि अग्रसर हुँदाकी इन्द्रमायाले पीताम्बरलाई त्याग्न पर्दाको तेस्रो घुम्ती गरी तीनवटा  स्वतन्त्र अस्तित्ववादी चिन्तनलाई वरण गरेको छ। पात्रको अस्तित्ववादी चिन्तनलाई वरण गरी लेखिएको तीन घम्ती उपन्यासमा कथावस्तु, चरित्रचित्रण, उनीहरूको मानसिक द्वन्द्व र स्वाभाविक घटनाको प्रस्तुतीकरण गरिएको हुनाले उपन्यासको शीर्षक सार्थक छ। यो अस्तित्ववादी दृष्टि राखी पात्रको मनोविश्लेषण गरिएको उपन्यास हो। यस उपन्यासमा पात्रको यौन विश्लेषणका साथै व्यक्तिलाई स्वतन्त्रता प्रदान गर्ने उद्देश्य राखिएको पाइन्छ। यस्तो निर्णय गर्दा व्यक्तिले भोग्ने सुखदुःख उसकै निर्णयमा परिणाति हुने भएकाले इन्द्रमायाको दुर्घटित जीवनचर्याबाट समाजले शिक्षा लिनु नितान्त आवश्यक देखिन्छ।

**निष्कर्ष**

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित तीन घुम्ती उपन्यास वि.सं. २०२५ सालमा प्रकाशित नारी अन्तरमनको विश्लेषण गरिएको मनोवैज्ञानिक अस्तित्ववादी उपन्यास हो। यस उपन्यासमा उपन्यासकार कोइरालाले मनोविज्ञानलाई आधेय बनाएर इन्द्रमायाका जीवनमा घटित विविध पाटाहरूलाई पूर्वदीप्ति शैलीमा प्रस्तुत गरेका छन्। यो मनोवैज्ञानिक अस्तित्ववादी उपन्यास हो। यस उपन्यासमा राजनैतिक छनक प्रस्तुत गरे तापनि खुलेर राजनीतिकको व्याख्या विश्लेषण गरिएको पाइँदैन। यस सामाजिक यथार्थलाई पनि चित्रण गर्ने ध्येयअनुरूप पात्रको जीवतात्विक पर्यवेक्षण गरेको पाइन्छ। यो उपन्यास मूलतः असामान्य मनोवैज्ञानिक हुँदाहुँदै पनि अस्तित्ववादी कित्तामा दर्ज गर्न सकिन्छ। यस आधारमा उपन्यासकार कोइराला असामान्य मनोविश्लेषण गर्ने अस्तित्ववादी उपन्यासकार ठहरिन्छन्।

**सन्दर्भ सामग्री**

अधिकारी, चन्द्रमणि (२०६५), *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू,* मणि पुस्तकालय।

कोइराला, खेमनाथ, (२०७०), *साहित्यकार विश्वेश्वरप्रसाद कोइराला* हिमालय पब्लिसर्स।

कोइराला, कुलचन्द्र (२०५५), *सात समालोचना,* कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान।

कोइराला, विश्वेश्वरप्रसाद (२०६१), *तीन घुम्ती,* ललितपुर : साझा प्रकाशन।

ढकाल 'कमल' भूपति (२०६०), *विश्वेश्वरप्रसाद कोइरालाका कथा र उपन्यासहरूको विश्लेषण* काठः ए.बि.सी प्रकाशन।

पौड्याल, कृष्णविलास (२०७३), *विश्वेश्वरप्रसाद कोइरालाको आख्यानकारिता,* काठमाडौंः कालिञ्चोक पुस्तक प्रकाशन प्रा.लि. ।